आज मिति २०७८।०१।०८ गतेका दिन नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जीवन प्रसाद दुलालज्यूको अध्यक्षतामा बसेको COVID-19 रोकथाम तथा नियन्त्रण सम्बन्धी District Covid-19 Crisis Management Centre (DCCMC) को बैठकमा (विश्वभरि फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारीको सङ्क्रमण नेपालमा समेत बढ्दै गएको सन्दर्भमा। तपशीलको उपस्थितिमा यस जिल्लामा कोभिड-१९ सम्बन्धी हाल सम्मको अवस्थाको देहाय बमोजिमको समीक्षा तथा कोभिड-१९ को जोखिम न्यूनीकरण सम्बन्धी नेपाल सरकार, मन्त्रिपरिषदको मं.प.वै.सं. १/०७८ मिति ०७८/०१/०६ को बैठकको निर्णय कार्यान्वयनका लागि गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च. नं. ३०४४ मिति २०७८/०१/०६ को परिपत्रानुसार देहाय बमोजिम गर्ने गराउने निर्णय गरियो:

**सल्लाहकार समूह:**

१. श्री सन्तमान तामाङ, प्रमुख, जिल्ला समन्वय समिति, नुवाकोट
२. श्री सज्जु पण्डित, प्रमुख, बिदुर नगरपालिका
३. श्री अप्सरा थापा, उपप्रमुख, जिल्ला समन्वय समिति, नुवाकोट

**उपस्थिति:**

| | | |
|---|---|---|
| १. | श्री जीवन प्रसाद दुलाल, प्रमुख जिल्ला अधिकारी | अध्यक्ष |
| २. | श्री मोहन प्रसाद मरासिनी, जिल्ला समन्वय अधिकारी | सदस्य |
| ३. | प्र.से.श्री उदय बहादुर लामिछाने , श्री जबरजंग गण | सदस्य |
| ४. | प्र.उ.श्री तुल बहादुर कार्की, जिल्ला प्रहरी कार्यालय | सदस्य |
| ५. | स.प्र.ना.उ. श्री मदन ढुंगाना, स.प्र.बल नेपाल १९ नं गुल्म | सदस्य |
| ६. | प्र.अ.अ. श्री हेमन्त चौधरी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सदस्य |
| ७. | श्री सागर प्रसाद घिमिरे, व.जनस्वास्थ्य प्रशासक, स्वास्थ्य कार्यालय | सदस्य |
| ८. | डा. दिपेन्द्र पाण्डे, मे.सु. त्रिशूली अस्पताल | सदस्य |
| ९. | श्री वेद प्रसाद अर्याल, स. प्रमुख जिल्ला अधिकारी, | सदस्य |

**आमन्त्रित:**

१. सेनानी रामप्यारी सुनुवार, नं १ तालिम गण त्रिशूली
२. डा. कृपा महर्जन, त्रिशूली अस्पताल
३. श्री तारा बहादुर कार्की, उद्योग वाणिज्य संघ, नुवाकोट
४. श्री मधुसुदन थपलिया, होटल व्यवसायी संघ, नुवाकोट
५. श्री ईन्द्र बहादुर पण्डित, उपभोक्ता हित संरक्षण मञ्च, नुवाकोट
६. श्री प्रतिनिधि, जिल्ला ट्राफिक प्रहरी कार्यालय, नुवाकोट
७. श्री हरि प्रसाद न्यौपाने, प्रतिनिधि, यातायात कम्पनी
८. श्री मधुसुदन थापा, रेडक्रस सोसाइटी जिल्ला शाखा, नुवाकोट

**प्रस्तावहरू:**

१. समीक्षा
२. विद्यालय तथा कलेजको परीक्षा सञ्चालन
३. भीडभाडजन्य कियाकलाप बन्द गर्ने
४. २५ जना भन्दा बढि संख्यामा उपस्थित हुन रोक लगाउने
५. सार्वजनिक यातायात सञ्चालनको विषय
६. मास्कको अनिवार्य प्रयोग गर्ने
७. होटल तथा रेष्टुरेन्टको सेवा सम्बन्धी
८. कोभिड-१९ रोकथामका लागि स्थानीय तहको थप भूमिका
९. विविध

**निर्णयहरू**

१. समीक्षा:

- हालसम्म नुवाकोट जिल्लामा त्रिशूली अस्पताल, सबै स्थानीय तहमा जोखिमयुक्त व्यक्ति समूहहरु तथा क्वारेन्टिनमा बसेका व्यक्तिहरु समेत गरी ९९८५ जनाको पीसीआर परीक्षण गरिएको । यस मध्ये १२१० जना कोभिड संक्रमित भएको र ११४५ निको भएको । १ जनाको मृत्यु भएको ।
- हाल नुवाकोट जिल्लामा सक्रिय संक्रमित मिति २०७७।१२।२९ देखि बढ्दै गईरहेको । यस अवधिमा ३३५ जनाको पीसीआर परिक्षण भएकोमा ६४ जना संकमित पाइएको । विदुर तथा किस्पाङ्मा संकमण देखिएको ।
- त्रिशूली कोभिड अस्पतालमा कोभिड १९ को लक्षण भएका बिरामीहरुको लागि २१ बेडको उपचार वार्ड रहेको । ६ bed ICU तथा ३ bed HDU सञ्चालनमा रहेको । Fever Clinic सञ्चालन गरिएको ।
- पीसीआर ल्याब नियमित रुपमा सञ्चालन भइरहेको । रसुवा तथा धादिङ्का सेवाग्राहीहरुको समेत यस ल्याबबाट परीक्षण भइरहेको ।
- स्थानीय तहका खरानीटार अस्पतालमा २० बेडको आइसोलेसन सेन्टर रहेको । बाँकी १० वटा स्थानीय तहहरुमा जम्मा ६६ बेडको आइसोलेसन सेन्टर रहेको ।
- स्वास्थ्य कार्यालयबाट सबै स्थानीय तहकमा ल्याब कर्मचारीलाइ एन्टिजेन परीक्षणको तालीम प्रदान गरी आवश्यकता अनुरुप किट उपलब्ध गराइएको ।
- त्रिशूली अस्पतालमा मापदण्ड तथा सेवाग्राहीको संख्या अनुसार प्राविधिक जनशक्ति अभाव रहेको, अक्सिजन सिलिन्डर लगायत अत्यावश्यक समग्रीहरु पर्याप्त मात्रामा नभएको कोभिड १९ को संभाव्य संकमण तथा जटिलतालाइ मध्यनजर गर्दै आवश्यक सामग्रीहरु तथा जनशक्तिको समयमै तयारी तथा व्यवस्थापन गर्नुपर्ने।।
- कोरोना रोकथाम समूह आंशिक रुपमा कृयाशील रहेको । पूर्ण कृयाशील बनाउनु पर्ने ।
- भीडभाड नगर्ने, मास्क तथा स्यानिटाइजरको प्रयोग र तोकिएको संख्यामा भन्दा बढि हुने गरी भेला नहुने लगायतका जनस्वास्थ्यको मापदण्डको आंशिक रुपमा मात्र पालना भएको ।

**कोभिड १९ खोप**

पहिलो चरणमा (त्रिशूली अस्पताल तथा खरानीटार अस्पताल) पहिलो मात्रा कोभिसिल्ड खोप लिएका व्यक्ति संख्या: ३८८६

दोस्रो चरणमा समुदायमा पहिलो मात्रा कोभिसिल्ड खोप लिएका व्यक्ति संख्या: १८५७१
तेस्रो चरणमा पहिलो मात्रा भेरोसिल खोप लिएका व्यक्ति संख्या: १७८० जना
**हाल सम्म जम्मा पहिलो मात्रा कोभिड १९ विरुध्द खोप लिएका संख्या: २४२३७ जना।**

पहिलो चरणमा २०७७ माघ १४ देखि फाल्गुण ११ गते सम्म पहिलो मात्रा लिएका व्यक्तिलाइ दोस्रो मात्रा खोप अभियान २०७७।०१।०७ देखि ०१।११ सम्म सञ्चालनमा रहेको । त्रिशूली अस्पताल तथा ११ वटा स्थानीय तहमा खोप केन्द्र सञ्चालन गरिएको ।
**०७८।०१।०७ गते ५०२ जनाले दोस्रो मात्रा खोप लिएका ।**

**जोखिमको अवस्था:**

- पछिल्लो हप्तामा कोभिड संक्रमित व्यक्तिको संख्यामा क्रमश: बृध्दि भइरहेको। काठमाडौं उपत्यकामा बसेर संक्रमित भएका व्यक्ति त्रिशूली अस्पताल वा नुवाकोट आउने संख्या बढिरहेको । कूल संक्रमित संख्याको ६० % विदुर नगरपालिकामा देखिएकोले विदुर नगरपालिका सर्वभन्दा उच्च जोखिममा रहेको। विदुर नगरपालिका १ को त्रिभुवन त्रिशूली माविका शिक्षक १ जना तथा वार्ड नं २ भिमसेन माविको शिक्षक १ जना तथा विदुर ३ को स्कुल मा १ जना विद्यार्थीमा कोभिड संक्रमण देखिएकोले विद्यालय क्षेत्र समेतमा संक्रमण फैलिरहेको। स्वास्थ्यकर्मी, सार्वजनिक कार्यालयका कर्मचारीमा समेत संक्रमण भेटिएको । काठमाडौं तथा नेपालका जोखिमयुक्त जिल्लाबाट नुवाकोटमा दैनिक आवत जावत भइरहेकोले समुदायमा संक्रमण फैलने जोखिम उच्च रहेकोले थप सचेत हुनुपर्ने समीक्षा गरियो।

२. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने।

३. सिनेमा हल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने।

४. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने।

५. एक पटकमा पच्चीस जना भन्दा बढी जमघट हुन नहुने, कुनै पनि सामान अनावश्यक नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दूरी कायम गर्ने, मास्क अनिवार्य लगाउने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी सपिङ मल, डिपार्टमेण्टल स्टोर सञ्चालन गर्ने। जनस्वास्थ्य सम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा सञ्चालकको हुने।

६. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, व्रतवन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरू सञ्चालन गर्दा पच्चीस जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र सञ्चालन गर्ने। विवाह वा व्रतवन्धका लागि पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिई पच्चीस जनामा नबढ्ने गरी गर्ने।

७. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरू सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्ने। तर सुरक्षा निकायको आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई सञ्चालन गर्न सकिने।

८. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने:

(क) सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,

(ख) सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,

(ग) सवारी साधनको ढोकामा र सवारी साधनभित्र स्यानिटाइजरको व्यवस्था गर्नु पर्ने,

(घ) चालक तथा सहचालकले मास्क र भाइजर लगाउनु पर्ने,

(ङ) सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने, सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने, मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने, लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्यदेखि अन्तिम गन्तव्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (डीसीसीएमसी) लाई उपलब्ध गराउने।

९. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा स्यानिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने। कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउने। मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने।

१०. होटेल तथा रेष्टुरेण्टले बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म देहाय बमोजिमका मापदण्ड पालना गरी सेवा दिने (तर राष्ट्रिय राजमार्गहरूमा सञ्चालित होटेल तथा रेष्टुरेन्टहरुले भीडभाड नहुने गरी आलोपालो मिलाई सेवा दिने) र सो समय पश्चात् टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने:

(क) होटेल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, भाइजर र पञ्जा लगाउने,

(ख) होटेल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने,

(ग) कम्तीमा दुई मिटरको भौतिक दूरी कायम गर्नु पर्ने,

(घ) सेनिटाइजरको व्यवस्था गर्नु पर्ने,

(ङ) होटेल तथा रेष्टुरेण्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,

(च) होटेल तथा रेष्टुरेण्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा दश रुपैयाँ लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटेल तथा रेष्टुरेण्ट प्रवेश गर्न नदिने।

११. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने।

१२. नियमित रुपमा सञ्चालन हुनु पर्ने स्वास्थ्य सेवाहरू जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित सञ्चालन गर्ने।

१३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी भएका मापदण्ड, योजना तथा आदेश सङ्घीय निकाय, प्रदेश सरकार, स्थानीय तह, सार्वजनिक तथा निजी सङ्घ संस्थाले पालना गर्नु पर्ने।

१४. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहायबमोजिम गर्ने:

(क) १५ बेडसम्म क्षमता भएका सरकारी, सामुदायिक, गैरसरकारी र निजी अस्पतालसँग सहकमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा सिफारिस गरी पठाउने।

(ख) होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाँच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुऱ्याउने काममा सहजीकरण गर्ने।

(ग) कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको प्रोटोकल अनुसार एन्टिजेन परीक्षण गर्ने।

(घ) आवश्यकता अनुसार आफ्नो स्थानीय तह भित्र स्वाब सङ्कलन गर्ने व्यवस्था मिलाउने।

(ङ) स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयं सेवक परिचालन गर्ने गराउने।

(च) स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने।

(छ) कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टी गर्दा आफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्बन्धित परिवार वा समुदायले पच्चीस जना भन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी गर्ने व्यवस्था मिलाउने। तर सो बमोजिम गर्न सम्भव नभएमा "कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त कार्यविधि, २०७६ अनुसार नेपाली सेनाले गर्ने।

(ज) क्वारेन्टिन, आइसोलेसन, केश इन्भेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने।

(झ) सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था मिलाउने।

(ञ) उपर्युक्त कार्यहरुमा सहयोग तथा सहजीकरण गर्न विद्यमान टोल सुधार समिति वा उपभोक्ता समितिलाई परिचालन गर्ने र आवश्यकता अनुसार त्यस्ता समिति गठन गरी परिचालन गर्ने।

१५. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले देहाय बमोजिम गर्ने:

(क) कोभिड-१९ सम्बन्धमा व्याप्त भ्रम हटाउने, समुदायमा सही सूचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरू पालना गर्न प्रोत्साहन गर्ने।

(ख) परीक्षण, क्वारेन्टिन, आइसोलेसन तथा उपचारको लागि सम्पर्क गर्न आवश्यक सहयोग गर्ने,

(ग) क्वारेन्टिन वा आइसोलेसनमा बस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा बसे नबसेको सूचना स्थानीय तहलाई दिने।

(घ) घर वा होटेलमा क्वारेन्टिन वा आइसोलेसनमा बसेका व्यक्तिलाई आवश्यकता अनुसार स्वास्थ्य सम्बन्धी जानकारी उपलब्ध गराउने तथा परामर्श दिने, आवश्यकता अनुसार फलोअप गर्ने र सूचना अद्यावधिक गर्न कन्टयाक्ट ट्रेसिङ समूहलाई सहयोग गर्ने।

(ङ) दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरू पालना भए नभएको सूचना स्थानीय तहलाई दिने।

(च) साठी वर्ष माथिका नागरिक, दीर्घ रोग भएका व्यक्तिलाई घर बाहिर नजान अनुरोध गर्ने र जानै पर्ने अवस्था भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म पुग्न र फर्किन सहजीकरण गर्ने।

(छ) कोभिड-१९ विरुद्धको अभियानमा स्थानीय सङ्घ संस्था, क्लब, शिक्षक तथा स्वयं सेवक परिचालनका लागि स्थानीय तहलाई सहयोग गर्ने।

१६. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहायबमोजिम गर्ने:

(क) जनस्वास्थ्यका मापदण्डको पूर्ण रूपमा पालना गर्ने।

(ख) घर बाहिर निस्कँदा अनिवार्य रूपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाँच दिन पछि मात्र विसर्जन गर्ने।

(ग) घर तथा सार्वजनिक स्थानमा जथाभावी नथुक्ने र प्रयोग गरेको मास्क नफाल्ने।

(घ) विदेशबाट नेपालमा आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परीक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा दश दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने।

(ङ) पी.सी.आर. परीक्षणका लागि प्रयोगशालामा स्वाब दिए पछि नतिजा नआएसम्म बाहिर हिँडडुल, भेटघाट र बैठक नगर्ने।

(च) स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका व्यक्तिलाई सक्दो सहयोग गर्ने।

(छ) अन्य व्यक्तिले जनस्वास्थ्यका मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्बद्ध अन्य निकाय वा संस्थालाई यथाशीघ्र जानकारी गराउने।

(ज) होम आइसोलेसनमा बसेका व्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्बन्धी कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने।

१७. माथि उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैरसरकारी संघ संस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने।

१८. व्यावसायिक, पेशागत र सामुदायिक संघ संस्थाले यो आदेशको पालना गर्ने गराउने र कोभिड १९ रोकथाम, नियन्त्रण तथा उपचार व्यवस्थापनमा सहयोग गर्ने।

१९. घरबेटी, घरपरिवार तथा छरछिमेकीले कोभिड-१९ संक्रमित व्यक्तिलाई होम आइसोलेसनमा बस्न सहयोग तथा निगरानी गर्न सबै स्थानीय तहका वडामा रहेका कोभिड-१९ रोकथाम समूह (CPG) लाई थप क्रियाशील बनाउने।